# निजगढ-पोखरिया ४०० के.भी. विद्युत प्रसारण लाइन तथा सबस्टेसन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(मितिः २०८१/०१/३०)

मधेस प्रदेश, रौतहट जिल्लाको गुजरा न.पा. र फतुवा विजयपुर न.पा, बारा जिल्लाको कोल्हवी न.पा., करैयामाई गा.पा., कलैया उ.म.न.पा. र जितपुर सिमरा उ.म.न.पा. र पर्सा जिल्लाको विरगंज म.न.पा., पर्सागढी न.पा., सखुवा प्रसौनी गा.पा., जगरनाथपुर गा.पा. र पोखरिया न.पा.मा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल विद्युत प्राधिकरण, काठमाडौं, ईमेलः neamd@nea.org.np<br>फोन नम्बरः- ०१-४१५३०५५ |
| प्रस्तावको व्यहोरा | करिब ६४.४०९ किलोमिटर लम्बाइको निजगढ-पोखरिया ४०० के.भी. विद्युत प्रसारण लाइन तथा सबस्टेसन आयोजना ४००/१३२/३३/११ के.भी. क्षमताको प्रस्तावित नयाँ निजगढ सबस्टेसन देखि सुरु भई प्रस्तावित ४००/१३२/३३/११ के.भी. क्षमताको रगौली सबस्टेसन हुँदै निर्माणाधीन पोखरीया सबस्टेसन गई टुङ्गिन्छ। यसका मुख्य अवयवहरुमा दुईवटा सबस्टेसनहरु (नयाँ निजगढ र रमौली), १८७ वटा टावरहरु सहितको ओभरहेड प्रसारण लाइन रहेका छन्। सबस्टेसन, टावर निर्माण, विद्युत मार्गको अधिकार क्षेत्र र अस्थायी भण्डारण तथा शिविरको स्थापनाको लागि करिब ३१०.३५७ हेक्टर जग्गा आवश्यक पर्नेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/स्थानीय तह | रौतहट जिल्ला गुजरा न.पा.को वडा नं २ र ३, फतुवा विजयपुर न.पा.को वडा नं ११ र बारा जिल्ला कोल्हवी न.पा.को वडा नं १,५ र ११, करैयामाई गा.पा.को वडा नं १,५,६ र ७, कलैया उ.म.न.पा. को वडा नं १५,२१,२२ र २४, र जितपुर सिमरा उ.म.न.पा. को वडा नं ८,९,१२,१९ र २० र पर्सा जिल्ला बिरगंज म.न.पा.को वडा नं २९,३१ र ३२, पर्सागढी न.पा. को वडा नं ४,५,७ र ८, सखुवा प्रसौनी गा.पा.को वडा नं २,३,४,५ र ६, जगरनाथपुर गा.पा.को वडा नं ६ र पोखरिया न.पा.को वडा नं १ र २ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः-**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | नेपाल विद्युत प्राधिकरण<br>निजगढ-पोखरिया ४०० के.भी. विद्युत प्रसारण लाइन तथा सबस्टेसन आयोजना<br>खरिपाट, भक्तपुर<br>ईमल : nrptlp@nea.org.np |
| | नेपाल विद्युत प्राधिकरण<br>ईन्जिनियरिङ्ग सेवा निर्देशनालय<br>वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाडौं<br>फोन नं.: ०१-४५३५८००, ४५२६७७२<br>ईमेल :env.social@nea.org.np |

CamScanner